स्थानिय सरकार

# गुठिचौर गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

# धलमुडी, जुम्ला

कर्णाली प्रदेश

**बालविवाह, लागुऔषध दुर्व्यसनी जनचेतना कार्यक्रम सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०८३।०२।२८**

गुठिचौर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय धलमुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

श्री सरोकारवालाहरु

प्रस्तुत विषयमा यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा न १ को लागी **बालविवाह, लागुऔषध दुर्व्यसनी जनचेतना कार्यक्रम** गर्न बिनियोजित भएको रु २००००० (दुई लाख रुपैया मात्र) बजेटको सिमा भित्र रहेर काम गर्न इच्छुक यस गुठिचौर गाउँपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा गुठिचौर गाउँपालिकाले तयार पारेको यसै साथ सँलग्न TOR मा रहेको BOQ को ढाचाँमा दररेट सहितको कोटेशन पेश गर्नु हुन सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सुचना सम्बन्धि काम गर्न मिल्ने इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले माथी उल्लेखित समय भित्र गुठिचौर गाउँपालिकाको प्रशासन शाखामा खामबन्दि कोटेशन पेश गर्नुपर्ने छ। कोटेशन पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्नुपर्ने छ।

२०८३।०२।२८

..............................

टेक बहादुर बुढथापा

(प्रमुख प्रशासकीय अधिकृत)

# Terms of Reference (TOR)

## बालविवाह, लागूऔषध दुर्व्यसनी जनचेतना कार्यक्रम

## गुठीचौर गाउँपालिका वडा नं. १

### १. पृष्ठभूमि

नेपालको संविधानले बालबालिकाको अधिकार, शिक्षा, स्वास्थ्य तथा सुरक्षित जीवनको प्रत्याभूति गरेको भए तापनि ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा अझै पनि बालविवाह, लागूऔषध दुर्व्यसन तथा विभिन्न सामाजिक विकृतिहरू चुनौतीका रूपमा रहेका छन्। बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, मानसिक विकास तथा भविष्यमा प्रत्यक्ष असर पार्ने गर्दछ भने लागूऔषध दुर्व्यसनले व्यक्ति, परिवार तथा समाजमा नकारात्मक प्रभाव पार्ने गर्दछ। यस्ता समस्याले सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा समेत अवरोध सिर्जना गर्ने गरेका छन् ।

गुठीचौर गाउँपालिका वडा नं. १ मा पनि बालविवाह, विद्यालय छाड्ने प्रवृत्ति, लागूऔषधको प्रयोग तथा सामाजिक विकृतिविरुद्ध समुदायस्तरमा सचेतना अभिवृद्धि गर्न आवश्यक देखिएको छ। विशेष गरी किशोर-किशोरी, युवायुवती तथा अभिभावकलाई लक्षित गरी प्रभावकारी जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

सामुदायिक स्तरमा चेतना अभिवृद्धि गर्ने प्रभावकारी माध्यममध्ये सडक नाटक एक महत्वपूर्ण विधा हो। सडक नाटकले मनोरञ्जनसँगै सन्देश प्रवाह गर्ने भएकाले समुदायमा सकारात्मक प्रभाव पार्न सफल हुने गर्दछ। यसै उद्देश्यका साथ गुठीचौर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. १ मा विनियोजित रु. २,००,००० (अक्षरुपी दुई लाख रुपैयाँ मात्र) बजेटबाट बालविवाह, लागूऔषध दुर्व्यसनी तथा सामाजिक विकृतिविरुद्ध जनचेतनामूलक सडक नाटक कार्यक्रम सञ्चालन गर्न यो कार्यविवरण तयार गरिएको हो ।

### २. कार्यक्रमको नाम

बालविवाह, लागूऔषध दुर्व्यसनी तथा सामाजिक विकृतिविरुद्ध जनचेतनामूलक सडक नाटक कार्यक्रम

### ३. कार्यक्रम सञ्चालन क्षेत्र

गुठीचौर गाउँपालिका वडा नं. १ अन्तर्गतका निम्न स्थानहरूमा कार्यक्रम सञ्चालन गरिनेछः

- चोत्र
- मनिगाउँ
- गडी गाउँ
- डिल्लीकोट

आवश्यकता अनुसार वडा कार्यालयको समन्वयमा अन्य टोल तथा बस्तीका नागरिकलाई समेत कार्यक्रममा सहभागी गराइनेछ।

## ४. कार्यक्रमको उद्देश्य

### ४.१ मुख्य उद्देश्य

बालविवाह, लागूऔषध दुर्व्यसनी तथा अन्य सामाजिक विकृतिविरुद्ध समुदायमा जनचेतना अभिवृद्धि गरी सकारात्मक सामाजिक व्यवहार विकास गर्नु।

### ४.२ विशिष्ट उद्देश्य

- बालविवाहका सामाजिक, कानुनी, शैक्षिक तथा स्वास्थ्यसम्बन्धी असरबारे जानकारी गराउनु।
- लागूऔषध दुर्व्यसनबाट व्यक्ति, परिवार तथा समाजमा पर्ने नकारात्मक प्रभावबारे सचेतना फैलाउनु।
- किशोर-किशोरी तथा युवाहरूलाई सकारात्मक जीवनशैली अपनाउन प्रेरित गर्नु।
- अभिभावक तथा समुदायलाई बालअधिकार संरक्षणमा जिम्मेवार बनाउनु।
- सामाजिक कुरीति तथा विकृतिविरुद्ध सामुदायिक सहभागिता अभिवृद्धि गर्नु।
- सुरक्षित, सभ्य तथा जिम्मेवार समाज निर्माणमा सहयोग पुर्‍याउनु।

## ५. लक्षित समूह

- किशोर-किशोरी
- युवायुवती
- विद्यालयका विद्यार्थी
- अभिभावक
- शिक्षक
- महिला समूह
- आमा समूह
- जनप्रतिनिधि
- स्थानीय अगुवा
- सर्वसाधारण नागरिक

## ६. कार्यक्रमका प्रमुख गतिविधिहरू

### ६.१ तयारी चरण

- कार्यक्रम सञ्चालनसम्बन्धी योजना निर्माण।

- ➢ कलाकार समूह छनोट तथा व्यवस्थापन।
- ➢ नाटकको कथा, संवाद तथा सन्देश तयार गर्ने।
- ➢ आवश्यक सामग्री व्यवस्थापन।
- ➢ स्थानीय स्तरमा प्रचार-प्रसार गर्ने।
- ➢ वडा कार्यालय तथा सरोकारवालासँग समन्वय गर्ने।

**६.२ कार्यान्वयन चरण**

**क) उद्घाटन कार्यक्रम**

- ❖ सहभागीहरूको स्वागत।
- ❖ कार्यक्रमको उद्देश्यबारे जानकारी।
- ❖ स्थानीय जनप्रतिनिधिको सम्बोधन।

**ख) सडक नाटक प्रदर्शन**

- ❖ नाटकका मुख्य विषयहरू:
- ❖ बालविवाहका असर
- ❖ बालअधिकार संरक्षण
- ❖ विद्यालय शिक्षाको महत्व
- ❖ लागूऔषध दुर्व्यसनका असर
- ❖ कुलत तथा खराब संगतबाट हुने क्षति
- ❖ घरेलु हिंसा तथा सामाजिक विकृति
- ❖ सकारात्मक सामाजिक व्यवहार

**ग) अन्तरक्रिया कार्यक्रम**

- ➢ सहभागीहरूको प्रश्न तथा जिज्ञासा।
- ➢ सुझाव तथा अनुभव आदानप्रदान।
- ➢ सामाजिक समस्याको समाधानबारे छलफल।

घ) जनचेतनामूलक सन्देश प्रवाह

- ➢ नाराबाजी
- ➢ प्रतिबद्धता अभिव्यक्ति
- ➢ सूचना सामग्री वितरण (आवश्यकता अनुसार)

७. कार्यसम्पादन अवधि

गुठीचौर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घलगुडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रम आर्थिक वर्ष २०८३ असार मसान्त  भित्र वडा कार्यालयले तोकेको मिति अनुसार सञ्चालन गरिनेछ ।

**८. अपेक्षित उपलब्धि**

- बालविवाहविरुद्ध समुदायमा सकारात्मक चेतना विकास हुने।
- लागूऔषध दुर्व्यसनका असरबारे जनचेतना वृद्धि हुने।
- किशोर-किशोरी तथा युवाहरूमा सकारात्मक सोचको विकास हुने।
- अभिभावक तथा समुदायको बालअधिकारप्रतिको जिम्मेवारी बढ्ने।
- सामाजिक विकृति न्यूनीकरणमा सामुदायिक सहकार्य वृद्धि हुने।
- स्थानीय स्तरमा सामाजिक रूपान्तरणको आधार तयार हुने।

९. अपेक्षित सहभागी संख्या

प्रत्येक स्थानमा न्यूनतम ७५-१०० जनाको सहभागिता सुनिश्चित गरिनेछ।

कुल अनुमानित सहभागी संख्याः

३०० जना वा सोभन्दा बढी।

१०. अनुगमन तथा मूल्यांकन

कार्यक्रमको अनुगमन तथा मूल्यांकन निम्न निकायबाट गरिनेछः

- गुठीचौर गाउँपालिका
- वडा नं. १ कार्यालय
- सम्बन्धित विषयगत समिति
- स्थानीय सरोकारवाला निकाय
- मूल्यांकनका आधारहरूः
- सहभागी संख्या
- कार्यक्रमको प्रभावकारिता
- सहभागीहरूको प्रतिक्रिया
- स्थानीय समुदायमा परेको प्रभाव

११. प्रतिवेदन व्यवस्था

कार्यक्रम सम्पन्न भएपछि निम्न विवरण समावेश गरी प्रतिवेदन तयार गरिनेछः

कार्यक्रम सञ्चालन भएको मिति र स्थान

प्रमुख प्रशासकीय अधिकृत

गुठीचौर गाउँपालिकाको कार्यालय

सहभागी संख्या

कार्यक्रमका गतिविधिहरू

फोटो तथा दस्तावेजहरू

उपलब्धि तथा निष्कर्ष

खर्च विवरण

सुझाव तथा सिफारिस

## १२. बजेट व्यवस्था

गुठीचौर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. १ मा विनियोजित रु. २,००,००० (अक्षरुपी **दुई** लाख रुपैयाँ मात्र) को सीमा भित्र रही प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद सम्बन्धी कानुनी व्यवस्था बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

| क.सं. | विवरण | एकाइ | परिमाण | दर (रु.) | जम्मा (रु.) | |
|---|---|---|---|---|---|---|
| १ | नाटकको स्क्रिप्ट लेखन तथा तयारी | लट | १ | १०००० | १०००० | |
| २ | निर्देशक पारिश्रमिक | लट | १ | १५००० | १५००० | |
| ३ | कलाकार पारिश्रमिक | जना | ६ | ७५०० | ५०००० | |
| ४ | रिहर्सल तथा अभ्यास खर्च | लट | १ | १०००० | १०००० | |
| ५ | ध्वनि प्रणाली (साउण्ड सिस्टम) तथा प्राविधिक व्यवस्थापन | लट | १ | १५००० | १५००० | |
| ६ | कार्यक्रम सञ्चालन तथा उद्घोषण | लट | १ | ८००० | ८००० | |
| ७ | यातायात तथा ढुवानी खर्च | लट | १ | २५००० | २५००० | |
| ८ | कलाकार तथा प्राविधिक टोलीको खाना तथा खाजा | लट | १ | २०००० | ३०००० | |
| ९ | प्रचार-प्रसार सामग्री (ब्यानर, माइकिङ, सूचना) | लट | १ | ७००० | ७००० | |
| १० | फोटो, भिडियो तथा अभिलेखीकरण | लट | १ | १०००० | १०००० | |
| ११ | प्रतिवेदन तयारी तथा दस्तावेजीकरण | लट | १ | ५००० | १०००० | |
| १२ | व्यवस्थापन तथा विविध खर्च | लट | १ | १०००० | १०००० | |
| | जम्मा | | | | २००००० | |

## १४. सेवा प्रदायक संस्था/फर्मको योग्यता तथा अनुभव

प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रम सञ्चालनका लागि छनोट हुने संस्था, फर्म वा समूहले निम्न योग्यता तथा अनुभव पूरा गरेको हुनुपर्नेछः

**१४.१ संस्थागत योग्यता**

- प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था, फर्म, कम्पनी, सहकारी वा नाटक/सांस्कृतिक समूह हुनुपर्ने।
- संस्था/फर्मको दर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र तथा आवश्यक नवीकरण भएको हुनुपर्ने।
- सरकारी निकाय, गैरसरकारी संस्था वा स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरेको अनुभव भएको हुनुपर्ने।

१४.२ अनुभव

- जनचेतनामूलक सडक नाटक, सांस्कृतिक कार्यक्रम, सामाजिक अभियान वा समुदायस्तरीय सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको कम्तीमा २ वर्षको अनुभव भएको हुनुपर्ने।
- बालविवाह, लागूऔषध दुर्व्यसन, बालअधिकार, लैङ्गिक हिंसा, सामाजिक विकृति तथा सामाजिक रूपान्तरणका विषयमा कार्यक्रम सञ्चालन गरेको अनुभवलाई प्राथमिकता दिइनेछ।
- स्थानीय तह, सरकारी निकाय वा विकास साझेदार संस्थासँग कार्य गरेको अनुभव भएमा थप योग्य मानिनेछ।
- विगतमा सम्पन्न कम्तीमा १ वटा समान प्रकृतिका कार्यक्रमहरूको कार्यसम्पादन विवरण ( Work Completion Evidence) पेश गर्नुपर्नेछ।

**१४.३ जनशक्ति**

सेवा प्रदायक संस्थासँग देहायका जनशक्ति उपलब्ध हुनुपर्नेछः

- कार्यक्रम संयोजक - १ जना
- सडक नाटक निर्देशक - १ जना
- कलाकार - कम्तीमा ५ जना
- उद्घोषक/सहजकर्ता - १ जना
- प्राविधिक सहयोगी (ध्वनि तथा व्यवस्थापन) - आवश्यकता अनुसार

**१४.४ कार्यसम्पादन जिम्मेवारी**

सेवा प्रदायक संस्था/फर्मले:

- नाटकको कथा, संवाद तथा सन्देश तयार गर्ने।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक कलाकार तथा सामग्री व्यवस्थापन गर्ने।

- निर्धारित स्थानमा कार्यक्रम सञ्चालन गर्ने।
- कार्यक्रमका फोटो तथा भिडियो अभिलेख राख्ने।
- कार्यक्रम सम्पन्न भएपछि विस्तृत प्रतिवेदन पेश गर्ने।
- स्थानीय भाषा, संस्कृति तथा सामाजिक परिवेशलाई ध्यानमा राखी प्रस्तुति तयार गर्ने।

## १३. निष्कर्ष

बालविवाह, लागूऔषध दुर्व्यसनी तथा अन्य सामाजिक विकृतिहरू समाज विकासका प्रमुख चुनौतीहरू हुन्। यस्ता समस्याविरुद्ध सामुदायिक चेतना अभिवृद्धि गर्न सडक नाटक प्रभावकारी माध्यम भएकाले यस कार्यक्रमले वडा नं. १ का नागरिकहरूमा सकारात्मक सोच, जिम्मेवारी तथा सामाजिक उत्तरदायित्व विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस कार्यक्रमबाट सामाजिक विकृतिविरुद्ध सामुदायिक ऐक्यबद्धता सुदृढ भई स्वस्थ, सभ्य र समुन्नत समाज निर्माणमा सहयोग पुग्ने विश्वास लिइएको छ।

प्रमुख प्रशासकीय अधिकृत

Guthichaur Rural Municipality
Office of Executive Municipality
Province Karnali
Dhawalmudi, Jumla.

# BILL OF QUANTITY

कार्याक्रम / आयोजनाको नाम: बालबिबाह लागुऔपध दुर्व्यसनी जनचेतना कार्याक्रम
ठेगाना:- गुठिचौर गाँउपालिका वडा न १ जुम्ला

| Item No. | Description of Works | Unit | Quantity | Rate NRs. | | Total Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | बालबिबाह लागुऔपध दुर्व्यसनी जनचेतना कार्याक्रम | | | | | | |
| | | पटक | 1.00 | | | | |
| In words: | | | | | | | |
| | | | | | GRAND TOTAL | | |

Firm Name :-

Address :-

Stamp :-

;

Sign :-

Date :-